

# महिला अधिकार

- जया त्रिपाठी
रोशनी अंग्रेजी आवाशिय उच्च माध्यमिक विद्यालय

यो धर्ती एउटा रङ्गमञ्च हो जहाँ अनेक जातजातिले आ-आफ्नो किसिमको विशेषता देखाइरहेका छन् । प्रकृतिले यस धर्तीमा धेरै थरीका प्राणीहरुको निर्माण गरेर पठायो । ती मध्ये मानव पनि एक हो । यहाँ मानव नै ठहरियो एक विवेकशील, बुद्धिमानी र सर्वश्रेष्ठ प्राणी । मानवजाती दुई वर्गमा विभाजित भयो, महिला र पुरुष । महिला र पुरुषबाट नै यो सृष्टि अहिलेको सभ्य र सुलभ युगमा आईपुग्यो । पुरुष बिना महिला र महिला बिना पुरुष मस्तिष्क बिनाको सोचाइ बन्न पुग्छ ।

महिला भनेका हाम्रो राष्ट्र, समाज र परिवारका अभिन्न अङ्ग हुन् । महिला बिना हाम्रो परिवारको धड्कन चल्न सक्दैन, हाम्रो समाजले कोल्टा फेर्न सक्दैन र राष्ट्रले विकासको पहारिलो घामलाई भेट्न सक्दैन । महिला बिनाको समाज टुहुरो हुन्छ , महिला बिनाको संसार विधुवा हुन्छ । अर्को शब्दमा भन्नुपर्दा महिलाहरु राष्ट्ररुपी शरीरका ती मुटु हुन् जसको धड्कनमा देश बाँचिरहेको हुन्छ ।

आफूले नुनिला आँसुका ढिका पिएर संसारलाई सुस्वादु दुग्धामृत पिलाउने नारीले जीवनमा छोरी, दिदी, बहिनी, पत्नी, बुहारी र आमा बनेर परिवार चलाएकी हुन्छिन् , सृष्टि बचाएकी हुन्छिन् र संसार सजाएकी हुन्छिन् । जीवनका प्रत्येक क्षणमा नैसर्गिक रुपमा आफ्ना त्याग, समर्पण, स्नेह र पवित्रभाव देखाउने नारी युगौं-युगकी श्रद्धा हुन् ।

तर आज नारी जातिको समाजिक-पारिवारिक दृष्टिकोण सङ्कुचित एवम् सङ्कीर्ण देखिएको छ । पराइका घरमा जाने भनेर जन्मघरमा र अर्काको घरबाट आएकी भनेर कर्मघरमा नारी उपेक्षित छन्, अपहेलित छन् । त्यसैले त उनीहरुलाई आफ्नो अधिकारबाट बञ्चित हुनुपरेको हो र चुलो-चौकाको अँध्यारो चौघेराभित्र खुम्चिनुपरेको हो । जुन परिवार, जुन राष्ट्र र जुन युगमा नारीहरु अधिकारबाट बञ्चित छन् त्यो परिवार असभ्य, त्यो राष्ट्र अविकसित एवम् त्यो युग कालो युगका रुपमा चिनिन्छ भने जुन परिवार, राष्ट्र र युगमा महिलाले अधिकार पाएका छन् त्यो परिवार सभ्य, त्यो राष्ट्र समुन्नत एवम् त्यो युग स्वर्णयुगका नामले पुकारिन्छ । त्यसैले राष्ट्रको उत्थान र पतनमा नारी जातिका उत्थान र पतनले महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । त्यसैले महिला अधिकारको महत्व अतुलनीय छ ।

जुन अधिकार महिलाले अनिवार्य रुपमा पाउनुपर्छ र पाउनु पर्ने हुन्छ त्यो नै महिला अधिकार हो । महिलाहरुलाई आफ्नो अधिकार दिलाउनुपर्छ । यो पुरुषहरुको कर्तव्य हुन आउँछ । त्यसैले त भनिन्छ :

"पुरुष जस्तै सबै ठाउँमा महिला हुनुपर्छ,
महिलाले नि आकाशको चन्द्र छुनुपर्छ,
नारी पनि यस धर्तीका एउटै प्रकार,
उनले पनि पाउनु पर्छ आफ्नो अधिकार ।"

तर यो दुनियाँमा महिला अधिकारका नाउँमा धेरै भाषणहरु मात्र भएका छन् । महिलाले आफूले पाउनुपर्ने कुनै पनि अधिकार पाएका छैनन् । तिनीहरुलाई हरेक क्षेत्रमा भदेभाव र विभेद गरेको पाइन्छ । जस्तै अंशमा विभेद ,सम्वन्ध विच्छेदमा विभेद, आपुतालीमा विभेद, विवाहमा विभेद, अदालती कारवाहीमा विभेद, वैदेशिक

रोजगारमा विभेद, सैनिक सेवा प्रवेश गर्नमा विभेद, शिक्षामा विभेद, सन्तानलाई नागरिकता प्रदान गर्नमा विभेद, लोग्नेलाई नागरिकता प्रदान गर्नमा विभेद आदि ।

नारी सिङ्गो राष्ट्रकी मुहान हुन् । फ्रान्स्का सम्राट नेपोलियनले भनेका छन् - "तिमी मलाई असल अमाम देऊ, म संसारलाई असल राष्ट्र दिनेछु ।" त्यसैगरी महात्मा गान्धीले भनेका छन् - "म जे बनेको छु , त्यो मेरी आमाको देन हो ।" यी भनाइहरुमा असल राष्ट्र र महान व्यक्ति हुनका लागि असल, सुरक्षित र अत्मनिर्भर आमा तथा नारीको आवश्यकता औंल्याइएको छ । तर यो त्यतिबेला मात्र पूरा हुन्छ जतिबेला शान्तिमय र भेदभाव बिनाको परिवेशमा महिला अधिकारको विस्तार हुन्छ ।

लैङ्गिक समानता नभएसम्म नारीहरुले भेदभावको सिकार बन्नुपर्ने हुन्छ । त्यसैले सर्वप्रथम नारीहरुलाई अबला, अदना र कमजोर ठान्ने मनोवैज्ञानिक त्रुटिलाई समाजले सच्याउनै पर्छ , शिक्षाको अवसर समान हुनुपर्छ भने नारीले पनि आफूलाई पुरुषभन्दा कमजोर ठान्न हुँदैन भन्ने चेतना सुसञ्चारित गर्नुपर्दछ । लैङ्गिक विभेदको औचित्यबारे चेतना जगाउनुपर्दछ । राजनीति र समाजका हरेक क्षेत्रमा पुरुषहरुको एकाधिकार छ । सम्पत्तिका मामिलामा महिलाहरु धोबीको कुकुर घरको न घाटको झैं बनाइएका छन् । उनीहरुले सम्पत्ति माथि स्पष्ट रुपमा हकभोग गर्न पाउनुपर्छ । महिलाहरुलाई लोग्नेको कमाइमा वा अर्काको कमाइमा बाँच्ने आश्रित व्यक्तिका रुपमा स्थापित गर्ने होइन , आफू बाँच्नका लागि अर्काको भरनपर्ने गरी आय आर्जनका अवसरहरु प्रदान गर्नुपर्दछ ।

हुनत महिलालाई अधिकार प्रदान गर्न र महिलाविरुद्ध सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि स्थापित भएको छ । यो महासन्धि महिलाहरुको मानव अधिकार संरक्षण गर्ने अन्तराष्ट्रिय अधिकार पत्रको रुपमा रहेको छ । यस महासन्धिले महिलाविरुद्ध हुने भेदभाव उन्मूलन गर्ने , महिला र पुरुषबीच समानता कायम गर्ने र महिलालाई अधिकार प्रदान गर्ने मुख्य उद्धेश्य लिएको छ । महासन्धि संयुक्त राष्ट्र संघको महासभाद्वारा १८ डिसेम्बर, १९७९ मा पारित भई ३ सेप्टेम्बर, १९८१ देखि लागू भएको हो । यस महासन्धिमा ३० वटा धाराहरु रहेका छन् । हाल सम्म यस महासन्धिलाई विश्वका १६६ राष्ट्रहरुले अनुमोदन गरिसकेका छन् । यस महासन्धिले महिलाका सम्पूर्ण मानव अधिकारहरुलाई कानूनी मान्यता दिई त्यस्ता अधिकारहरुको संरक्षण गर्ने कानूनी दायित्व महासन्धिका पक्ष राज्यहरुलाई लागाएको छ । महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गरी अधिकार प्रदान गर्ने महासन्धिलाई नेपालले २२ अप्रिल १९९१ मा कुनै शर्त बिना अनुमोदन गरेको छ । यस महासन्धिको धारा ६ देखि १६ सम्ममा विभिन्न अधिकारको सम्वन्धमा व्यवस्था भएको छ । ति अधिकारहरु हुन् - बेचबिखन तथा वेश्यावृत्तिको लागि गरिने यौन शोषणविरुद्धको अधिकार, सार्वजनिक र राजनीतिक जीवनमा सहभागिताको अधिकार, अन्तर्राष्ट्रिय तहमा सहभागि हुन पाउने समान अधिकार, राष्ट्रियता सम्बन्धी अधिकार, शिक्षा सम्बन्धी अधिकार, रोजगारीको अधिकार, स्वास्थ सम्बन्धी अधिकार , आर्थिक तथा पारिवारिक लाभको अधिकार , ग्रामिण महिलालाई विशेष अधिकार , कानूनी समानताको अधिकार , विवाह तथा परिवारको अधिकार ।

तर जति महासन्धिहरु स्थापित भए पनि महिलाको अवस्थामा सुधार ल्याएको छैन । महासन्धि स्थापित गर्ने कार्य हात्ती आयो हात्ती आयो फुस्सा भनेझैं भएको छ । त्यसैले महासन्धि , संविधान , कानून स्थापित गर्नुमात्र समस्याको समाधान होइन । यसका लागि सबै मन,बचन र कर्मले लागिपर्नु पर्दछ ।

सीता र सावित्री को भूमिकामा जन्मने वर्तमान नारीहरुले आज आफ्नो अधिकार पाउनका लागि सङ्घर्ष गर्नूपरेको छ र त्यही मुलुकका नारीहरुको सम्पूर्ण संसार चुला र चौकामा बन्दी बनेको छ । तिनले पँधेरा र बनपाखामा मुटुका पिरलाई विरह र आँशुको भाषामा यसरी पोख्नुपरेको छ ।

” आमा भन्छिन बिहान उठी खै कुचो लगाएको ?
बबा भन्छन् भाँडा र कुडाँ खै सफा गरेको ?
दाजु र भाई भन्छन् हुँदैन पढ्न छोरीको जातले
पराई भनी गर्दछन् हेला माइतीमा सबैले । ”

जुन देशमा महिला अधिकार छ , त्यस देशका नारी र पुरुष ' होस्टेमा हैंसे ' र हातेमालो गर्दै अघि बढिरहेका छन् । त्यस देशका नारीहरु मेडम क्युरी जस्ता वैज्ञानिक , फ्लोरेन्स नाइटेङ्गल र मदर टेरेसा

जस्ता समाज सुधारक र लक्ष्मीबाई जस्ता स्वतन्त्रता सेनानीहरु बन्न सफल भएका छन् । हाम्रो मुलुकलाई पनि विपन्नता र गरिबीको गर्भबाट झिक्न महिला अधिकारको व्यापक विकास आवश्यक रहेको छ ।

वर्तमान युग मानव अधिकार र प्रजातन्त्रको युग भएर पनि पुरुषलाई मात्र अधिकार दिएर छोरीलाई अधिकारबाट विमुख बनाउने महापाप गर्नुहुँदैन , भेदभाव गर्नुहुँदैन । नारीहरुलाई बच्चा जन्माउने यन्त्र मात्रै ठान्नुहुँदैन र कुवाको भ्यागुतो बनाएर चुलो , चौका , मझेरी र पँधेरीमा मात्र सीमित राख्नुहुँदैन । दाजु र भाई झोला बोकेर उज्यालो मुख लगाउँदै विद्यालय जाने , मिठो खाने , राम्रो-राम्रो लगाउने तर दिदी र बहिनी डोको र नाम्लो बोकेर अँध्यारो अनुहार लगाउँदै जङ्गलतर्फ हिड्ने , नमिठो खाने , थोत्रो लगाउने पक्षपात एउटै गर्भबाट जन्मिएका एउटै आमा-बुबाका सन्तानका लागि अशोभनिय हो । अर्काका घरमा जाने अर्काको नासो भन्दै छोरीलाई आफ्नो हक-अधिकारबाट विमुख बनाइन्छ । त्यस्तैले छोरीहरु भन्छन्

"छोरीलाई किन गर्दछौ हेला ?
पढ्ने बेला घरधन्दा छ भेला
छोरा चाहिं बाउआमाको काखमा
हामी चाहिं किन हो वनपाखामा ?"

यसरी छोरालाई काखा र छोरीलाई पाखा गर्दा आमा-बाबुको मुटु पनि चसक्क हुनुपर्ने हो , पोल्नुपर्ने हो । यस्ता सामाजिक दृष्टिकोणले बाँधिएका आमाबाबुको आँखा खोल्न सके समाजले कोल्टो फेर्ने थियो र देशमा विकासले जरो गाड्ने थियो । त्यस्ता आमाबाबुले यो बुझ्नुपर्छ कि महिला र पुरुष त्यस्ता दुईटा ढक हुन् जसलाई तराजुको दुई भागमा राख्दा तिनीहरु बराबर तोलिन्छन् ।

नारीलाई त पैसा कमाउने साधन पनि बनाइएको छ । पैसा कमाउने लोभले तिनीहरुलाई विदेशमा लगेर पशुसरह बेचिएको छ । तिनीहरुको इच्छाविरुद्ध भोगाविलास मेटाउने काम त्यहाँ भएको छ । ती नारीहरुले नारकीय जीवन बिताउन बाध्य हुनुपरेको छ । तिनीहरुले आफ्नो जीवनलाई थुकीरहेका छन् । तिनीहरुले आफ्नो भाव यसरी व्यक्त गरेका छन् -

"सुखी काम , आनन्दी जीवन र मेरो दुखी परिवारको उद्धार गर्ने आशामा
सहरी जीवन र रङ्गीचङ्गी कल्पनामा डुब्दै परें म दुष्टको पासामा । "

यो सबै महिला अधिकारको अभावले भएको हो । तिनीहरुले महिलाअधिकार पाएको भए आफ्नो आत्मसंरक्षण गर्न सक्थे । तसर्थ नारीको तथा राष्ट्रकै इज्जत जोगाउन पनि महिलाअधिकारको खाँचो छ ।

हरेक राष्ट्र , समाज र परिवारले नारीलाई अधिकार प्रदान गर्नैपर्छ । जमानाको जाँतोमा सभ्यताको सातु पिन्दै नारीहरुलाई विकासको बाटोतर्फ मोड्न महिला अधिकारको आवश्यकता पर्दछ । महिला अधिकार पसलमा किनेर पाइने कुरा होइन , यो त हरेक मानव जातिले नारीलाई प्रदान गर्ने व्यवहारिक उपहार हो । नारीहरु राष्ट्रका ज्योतिपुञ्ज आलोक हुन् जसको संरक्षण गर्न हामीले मस्तिष्कमा समझदारी , हृदयमा इमान्दारी , काँधमा जिम्मेवारी र कार्यशैलीमा बफादारी अपनाएर तिनीहरुलाई महिला अधिकार दिलाउनुपर्छ । अनि मात्र चन्द्रमुखी मस्तिक र वात्सल्य बोकी गर्विला पाइला टेक्ने नारीहरुले सिङ्गो कम्प्युटर युगलाई छातीमा लुकाउन सक्छन् , एक्काइसौं शताब्दीलाई गाउँमा घुमाउन सक्छन्  अनि रकेट र रोबटलाई नाम्लो बोकाउन सक्छन् । त्यसैले त भन्छन् नि-

"नारी होइनन् , देशका भारी , तिनीहरु हुन् विकास गर्ने परी
महिला अधिकार पाए भने तिनीहरुले देशको विकास गर्छन् अघि सरी ।"